कोशी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, नेपाल

मितिः- २०८२/११/२३

**विषयः सशर्त अनुदान हस्तान्तरणका लागि आयोजना प्रस्ताव आव्हान गरिएको।**

श्री स्थानीय तह, सबै
कोशी प्रदेश, नेपाल।

प्रस्तुत विषयमा यस कोशी प्रदेशको चालु आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अनुदान संकेत नं. ६०२ अर्थ विविध, बजेट उपशीर्षक नं.६०२०००११ खर्च शीर्षक नं. २८९११, क्रियाकलाप "स्थानीय तहमा मागका आधारमा सशर्त अनुदान" लाई कार्यान्वयन गर्ने प्रयोजनको लागि यस मन्त्रालयबाट "मागमा आधारित सशर्त अनुदान हस्तान्तरण मार्गदर्शन, २०८२" जारी भै यसै मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको छ। उक्त मार्गदर्शनमा उल्लेखित व्यवस्थाको आधारमा यसै आर्थिक वर्षको बाँकी अवधिभित्रमा तहाँ स्थानीय तहबाटै कार्यान्वयन हुने गरी देहाय बमोजिमका विषयक्षेत्रमा तहाँ स्थानीय तहबाट पहिचान गरिएका आयोजनाहरु माग गरी मिति २०८२/११/२९ गतेभित्रमा यसै मन्त्रालयमा भौतिक कपि वा मन्त्रालयको इमेल ठेगाना info.moeap@p1.gov.np मा आईपुग्ने गरी पठाइदिनुहुन आदेशानुसार अनुरोध छ।

<u>देहाय</u>

<u>आयोजना माग गर्न सकिने विषयक्षेत्रहरुः-</u>

क) भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,
ख) पर्यटन पूर्वाधार विकास सम्बन्धी आयोजना,
ग) खानेपानी, सिंचाई तथा सरसफाई पुर्वाधार विकास सम्बन्धी आयोजना,
घ) कृषि तथा पशुपंक्षीजन्य विकास, विस्तार तथा पूर्वाधार निर्माण सम्बन्धी आयोजना,
ङ) सामाजिक तथा सांस्कृतिक पुर्वाधार विकास सम्बन्धी आयोजना,
च) विपत पुनःनिर्माण सम्बन्धी आयोजना,
छ) पुर्वाधार निर्माण सम्बन्धित अन्य आयोजना ।

<u>पुनश्चः</u> आयोजना माग गर्दाका बखतमा आयोजनाको नाम, कार्यान्वयन हुने ठेगाना तथा आयोजनाको अनुमानित लागत समेत खुलाई पठाइदिनुहुन अनुरोध छ।

८२/११/२३

.............................
जीवन सुवेदी
(शाखा अधिकृत)
शाखा अधिकृत